# कर्णाटवंशी र मल्लराजवंशीको सम्बन्ध हुनामा केही घटना


–शङ्कुरमान राजवंशी

नेपालमा कर्णाटवंशी भनेर नान्यदेवको वंशलाई भन्ने गरेको छ, जुन नान्यदेवले सिम्रौनगढ हालको वीरगञ्ज वारा जिल्लामा आई आफ्नो राज्य स्थापना गरेका थिए भन्ने र मल्लराजवंशी जयभद्रमल्लसंग नान्यदेवको गोतियार श्यामसिंहदेवकी छोरी नरेन्द्रलक्ष्मी-को वैवाहिक सम्बन्ध भएको तथा जयभद्रमल्ल मिथिला-को शासकमा नियुक्त भएको एवं जयभद्र पछि उनका छोरा नागमल्ल त्यसपछि उनका छोरा जयजगत्मल्ल त्यसपछि उनका छोरा नागेन्द्रमल्ल त्यसपछि उनका छोरा उग्रमल्ल भएको फेरि सिम्रौनगढे नान्यदेवको पुस्तामा नान्यदेवका छोरा गांगदेव त्यसपछि उनका छोरा नृसिंह-देव, त्यसपछि उनका छोरा शक्तिसिंहदेव त्यसपछि उनका छोरा रामसिंहदेव त्यसपछि रामसिंहदेवका छोरा हरि-सिंहदेव भए भन्ने कुरा प्रछिका धेरै वंशावलीहरूमा उल्लेख छ।

अब स्थितिमल्लको पालामा लेखिएको गोपाल-वंशावलीबाट देखिएको कुरामा हरिसिंहदेवको पालामा वि०सं० १३८२ माघमा दिल्लीका बादशाह गयासुद्दीन तुगलकले वंगाल दखल गरी तिरहुततिरबाट दिल्ली फर्कंदा तिरहुते सिम्रौनगढका राजा हरिसिंहदेवले आफ्नो राज्यमा हमला गर्न आयो भन्ने ठानी उ स्वयं अघँलो भई गयासुद्दीन तुगलकसंग मुकाबिला गर्न गएथे। तर गयासुद्दीन तुगलकको सेनासंग उनको केही जोर चलेन। आखीर गयासुद्दीन तुगलकको सेनाले सिम्रौनगढ ध्वस्त पार्दा हरिसिंहदेव टिक्न नसकी आफ्ना परिवार र मन्त्री सहित भागेर सिंधुलीको बाटो गरी दोलखातिर आउँदा बीच बाटोमा पुगी टिपाटन भन्ने ठाउँमा हरिसिंहदेवको मृत्यु भयो। राजग्रामका मझिमवहार क्वाठनायक मझी-भारोहरूले हरिसिंहदेवका छोरा र मन्त्री भारदारलाई कैद गरी उनको सबै धनसम्पत्ति लुटेर लिए। हरि-सिंहदेवकी रानी देवलदेवी चाहिं त्यताबाट नेपाल उपत्य-कातिर भागेर आई रुद्रमल्ल कहाँ शरण परे। त्यस बखत नेपाल उपत्यकामा रुद्रमल्ल र अरिमल्लको संयुक्त शासन थियो। राज्यको सारा अधिकार चाहिं रुद्रमल्लकै हातमा थियो। तर शरणार्थी देवलदेवीको राम्रो व्यवस्था गर्न नपाउँदै वि०सं० १३८३ आषाढमा रुद्रमल्लको मृत्यु भयो। रुद्रमल्लको मृत्यु हुँदा उनका चार ओटी रानी सती गए। त्यस बखत उनकी टुहुरी नावालक छोरी नायकदेवी मात्र थिइन्। तिनोलाई बज्यै पदुमलदेवीले स्याहारिन्। देवलदेवीलाई पनि पदुमलदेवीले नै व्यवस्था गरिन्। यसरी दुवैको प्रबन्ध पदुमलदेवीले गरेकी थिइन्। रुद्रमल्लको पहिलो छोरा वीरमल्ल वि०सं० १३७७ फागुन-मा जन्मेर वि०सं० १३७८ पौषमा मरिसकेको थियो। रुद्रमल्लको दोस्रो छोरा त्रिभुवनमल्ल चाहिं वि.सं. १३७९ माघमा जन्मेर वि०सं० १३८१ आश्विनमा मरिसकेको थियो। त्यसैले रुद्रमल्लको शासनाधिकारको हकदार उनकी छोरी नायकदेवी नै भएकी थिइन्।



काठमाडौं विष्णुमती वारी इन्द्रायणी स्थानको शिलाभिलेख



काठमाडौं ह्वैं कन्तलाटोलको तमसुक ताडपत्र

वि.सं. १३८६ पौषमा युथुनिमराजकुलमा अर्थात् दुवै राजकुलमा हकदार ठाकुर नहुनाले काशेश्वरवंशी राजकुमार हरिश्चन्द्रदेव र गोपालदेव दुइजनालाई दक्षिण-बाट झिकाई चनिगलमा राखे । कारण अरिमल्लको पनि हकदार छोरा नभई छोरी कामादेवी मात्र थिइन् । त्यसपछि तेस्रो महीना फागुनमा पद्मलदेवीले नायकदेवीको हरिश्चन्द्रसंग र कामादेवीको गोपालदेवसंग विवाह गरिदिए । तिनताक हकदार छोरा नभएमा डोलाजी खोजी कन्याको सानै उमेरमा विवाह गरिदिने चलन थियो । घरजुवाइँ खोज्नुलाई डोलाजी खोज्नु भन्दछन् । यस-बखत नायकदेवी ७, ८ वर्षकी मात्र थिइन् ।

देवलदेवी चतुर राजनीतिज्ञ थिइन् । तिनीले अभयराम मुल्मीलाई हात लिई वि.सं. १३८६ चैत्रमा अभयराम मुल्मीद्वारा मभीम विहार क्वाठ दखल गराए । अनि हरि-सिंहदेवका छोरा कर्णाटवंशी तथा जगतसिंहदेव मन्त्री भारदार कैदबाट मुक्त भए । त्यसपछि वि.सं. १३८८ मंसीरमा हरिसिंहदेवका मन्त्री चण्डेश्वरले राजग्राम पनि दखल गरे । वि.सं. १३८९ आश्विनमा ६७ वर्ष उमेर पुगिसकेकी पद्मल-देवीको देहावसान भएपछि दरबारको राजनीतिमा देवलदेवीले भूमिका खेल्ने अवसर पायो । देवलदेवीको अभिप्राय नायकदेवी आफ्ना छोरा जगतसिंहदेवलाई पारिदिन पाए हुन्थ्यो भन्ने थियो । किनभने नायकदेवीलाई पाउनु नै नेपालको शासनाधिकार पाउनु थियो । त्यसैले षड्यन्त्रद्वारा केही वर्षबाद वि.सं. १३९२ ज्येष्ठमा विष प्रयोग गरी हरिश्चन्द्रदेव मारिए । अनि हरिश्चन्द्रदेवका भाइ गोपालदेवले हक दावी गर्न आएथे । तर कर्णाट-वंशी श्री जगतसिंहदेवलाई नायकदेवी पारिसकेको देखेर गोपालदेव भक्तपुरबाट भागेर पाटन गए । त्यस बखत नायकदेवी १३, १४ वर्षकी मात्र थिइन् ।

षड्यन्त्र भएको हुनाले गोपालदेव आफ्नो देशतिर भाग्न सकेको थिएन । विहारकोटमा बसेका जोगराम मुल्मीले जोगविहारका पात्रसित मिलेर गोपालदेवलाई शंख-कोटमा राखेका थिए । वि०सं० १३९४ ज्येष्ठमा तिरहुते जगतसिंहदेवले मनिगलमा प्रवेश गरी अभयराममुल्मी र थवितमाहरूद्वारा घेरा दिँदा विहारकोटमा बसेका जोगराममुल्मी गोपालदेवलाई एक्लै छोडी टोंखामा भागे । गोपालदेव एक्लै हुँदा तिनलाई बाहिर घिसारेर त्याई जगतसिंहका परिजनले सावसित्र चुटे । त्यहाँबाट एलकेन प्रकारले ज्यान जोगाई गोपालदेव भागेर जोग-रामकहाँ नै गए । वि०सं० १३९७ पौषमा त्रिपुरराज-कुलले गोपालदेवलाई घेरा हाल्दा जोगराममुल्मीसंग लडाइँ पऱ्यो । त्यस लडाइँमा जोगराममुल्मीका २० जना मारिए । गोपालदेवलाई पनि मारिदिए । जोगराम-मुल्मी पनि साथसाथै पक्रिए ।

कर्णाटवंशी जगतसिंहदेवसंग नायकदेवीको दोस्रो विवाह सम्बन्ध भएबाट वि०सं० १४०३ पौषमा जगत-सिंहदेवकी पुत्री राजल्लदेवीको जन्म भयो । राजल्लदेवी जन्मेको १० दिनमा आमा नायकदेवी सुत्केरीको व्यथाले परलोक भइन् । जगतसिंहदेव पनि विरोधीको पेचले कैद भए । ती राजल्लदेवीलाई बज्यै देवलदेवीले कष्ट-पूर्वक पाली हुर्काइन् । यी राजल्लदेवी ८ वर्षकी भए-पछि उनको विवाहको लागि वि.स. १४११ आश्विनमा देवलदेवीले दक्षिणतिरबाट स्थितिमल्ललाई डोलाजी झिकाए । त्यसको ५ महीनापछि फागुनमा देवलदेवीले स्थितिमल्लसंग राजल्लदेवीको विवाह गरिदिए ।

यी स्थितिमल्ल हरिसिंहदेवका पालामा गयासुद्दीन तुगलकको आक्रमणले लाखापाखा लागेका मल्लराजवंशी जयभद्रको वंशमा जन्मेका उग्रमल्लका नाति अशोक-मल्लका छोरा हुन् भन्ने कुरा वंशावलीहरूबाट देखिन्छ । राजल्लदेवी हरिसिंहदेवकी नातिनी सिद्ध हुन आएकीले राजल्लदेवीसंग वैवाहिक सम्बन्ध भएका स्थितिमल्ल हरि-सिंहदेवका नातिनी जुवाइँ हुन् भन्ने स्पष्ट भएको छ । यी मल्लराजवंशी स्थितिमल्ल रघुकुलका हुन् । रघुकुलका राम-चन्द्रका इष्टदेवी तलेजु भवानी हुन् भन्ने कुरा पनि वंशावली-हरूमै उल्लेख छ । ती तलेजु भवानी यी स्थितिमल्लको पनि इष्टदेवी हुनाले यी स्थितिमल्लले तलेजुभवानीको व्यवस्था गरिदिएको कुरा पनि वंशावलीहरूमा उल्लेख छ । यी मल्लराजवंशी राजाको दरबार जहाँजहाँ रहेको छ त्यहाँत्यहाँ तलेजु पनि रहेको हुन्छ । स्थितिमल्ल रघुकुल-का हुन् भन्ने कुरा स्थितिमल्लकै समयमा लेखिएको भैरवानन्द नामक नाटकमा स्थितिमल्ललाई रघुवंशचक्र-चूडामणि भनी स्पष्टै लेखिएबाट थाहा हुन्छ । तिनले दीक्षाग्रहण पनि यहाँकै गरेका थिए ।

तर स्थितिमल्लकै वंशज सिद्धिनरसिंहमल्ल तथा प्रतापमल्ल र भूपालेन्द्रमल्लले आफूलाई कर्णाटवंशी हरिसिंहदेवका वंश भनी शिलापत्रमा उल्लेख गरेका छन्। वास्तवमा कर्णाटवंशसंग सम्बन्ध भएको देखाएका रहेछन्। उक्त कुरा नबुझ्दा कतिपय इतिहासकारहरूको अर्थ गराइ लटरपटर हुन गएकोछ। त्यस्तै स्थितिमल्लको वंशमा पनि वंशावलीकारले वंशतालिकाको प्रसंग मिलाउन नजान्दा आनकोतान फरक परी इतिहासकारहरू अलमल्लिएका छन्। तर विचार गर्दा कर्णाटवंशी श्यामसिंहदेव नान्यदेवको भाइ हुनु संभव छ। किनभने आफ्नो राज्यमा पछि विद्रोह नहोस् भन्नानिमित्त भाइकी छोरी नरेन्द्रलक्ष्मीदेवीको जयभद्रमल्लसंग विवाह गरिदिएका होलान्। नान्यदेवले नेपाल सिमरौनगढ स्वाधीन गर्दा भगाएका जयभद्रमल्ल हुन् भन्ने कुरा वंशावलीमा उल्लेख छ। तब जयभद्रको सातौं पुस्ताका स्थितिमल्ल नान्यदेवको आठौं पुस्ताका राजल्लदेवीको वैवाहिक सम्बन्ध हुनु कालक्रमले मिल्दो हुन आउँछ। हरिसिंहदेवपछिको पुस्ता चाहिं उनका छोरा जगतसिंहबाट टुंगिएको सिद्ध छ।

प्रतापमल्लको हनूमान्ढोका कृष्णमन्दिरमा रहेको शिलापत्रमा प्रतापमल्लले विहारदेशका रजपूतकन्या श्री रूपमती र कर्णाटदेशका रजपूतकन्या श्रीराजमतीसग आफ्नो वैवाहिक सम्बन्ध भएको कुरा पनि उल्लेख गरेका छन्। उहिलेका राजाहरूले बाहिरका खानदान रजपूतकी छोरीबेटीसंग सम्बन्ध बाँध्नुमा आफूलाई गौरव सम्झन्थे। यो परम्परा शाहकालीन राजा त्रिभुवनका पालासम्म पनि थियो। प्रतापमल्लका शशुराखलक कूचविहारका कोचराजवंशी हुन्। ती कोचराजवंशीलाई महाभारतकालका राजा विराटका साला कीचकको वंशज भन्दछन्। यसरी प्रतापमल्लले विहारका र पुनः कर्णाटका राजवंशीसंग वैवाहिक सम्बन्ध देखाएको स्पष्ट छ। त्यसकारण प्रतापमल्ल तथा सिद्धिनरसिंहमल्लहरू मल्ल राजवंशी हुन् भन्ने सिद्ध छ।

अर्को कुरा नेपाल उपत्यकामा तलेजु ल्याउने हरिसिंहदेव हुन् भन्ने व्यापक कथन छ। त्यसबारे एउटा ऐतिहासिक टिपोट 'संस्कृत सन्देश' प्रथम वर्षको ५ अङ्कमा प्रकाशित छ। उक्त टिपोटमा हरिसिंहदेवले तलेजू लिएर आउँदा बाटोमा संकष्ट परी किसानलाई सुवाल भान्छे बनाई तलेजूलाई भुजा चढाएको कुरा उल्लेख गरेको छ। बाटोमा उक्त संकष्ट परेको कुरा गयासुद्दीन तुगलकको आक्रमणले भागेर आउँदा टिपाटनमा हरिसिंहदेवको मृत्यु भएको घटनाको संकेत हो। तुगलकको आक्रमणको संकेत अरू वंशावलीकारले पनि गरेका छन्। त्यसैले हो कि अद्यापि भक्तपुरमा तलेजूलाई भुजा पकाउने मान्छे सुवाल छन्।

अयोध्याबाट सर्वप्रथम नान्यदेवले तलेजू ल्याए भन्ने वंशावलीकारहरूको भनाइ छ! तलेजू भवानीले राँगो भोगवली लिएका हुनाले तलेजूमा राँगो काट्ने चलन छ। तलेजूमा राँगो काट्ने एक थरो जाति खड्गी छन्। ती खड्गी जाति कसाहो नायर देशबाट साथ लागी आएका हुनसक्छन्। त्यसैले कसाहीलाई नेवारीमा नाय् भन्दछन्। हरिसिंहदेव सिमरौनगढबाट भागेर आउँदा साथ लागी आएका भारोको वंशज लेलेमा बसोबास गरी बसेका थिए। ती वंशजले शिवहरीश्वर स्थापना गरेको लेलेको शिलापत्र मोहनप्रसाद खनालको मध्यकालीन अभिलेखमा प्रकाशित छ।

लिच्छविकालमा ब्राह्मणदेखि लिएर चाण्डालसम्मका १८ जात थिए। तिनमा अल्ट्रुङ सुलमुङ तेपुल भन्ने जातको उल्लेख पाइएको छ। त्यसमा विस्तार विस्तार समाज थपिदै गएर मल्लकालमा समाजको विकास भयो र ४ वर्ण ३६ जात भए। तिनमा उत्तम काम गर्ने भारोहरूले श्रेष्ठ भन्ने पदवी पाएथे। पछि गएर श्रेष्ठ भन्ने एक थरो समाजै भयो। ती श्रेष्ठ समाजमा पनि विभिन्न काम विभाजन अनुसार ज्योतिषी काम गर्ने जोशी, आचार्यको काम गर्ने आचाजू, भण्डारको काम गर्ने भण्डील आदि थर बने। सर्वप्रथम जातिको कानूनी कार्यविभाजन स्थितिमल्लले गरेका हुन्। पाटनका नरसिंहभारो तथा पुरन्दरसिंहले एवं भक्तपुरका सहस्रराम वावुले, कान्तिपुर ह्नैकन्तलाका धनसिंवावुले बनेपाका प्रेमबहादुरले आफूलाई राजवंशी भनी थर उल्लेख गरेको कुरा शिलापत्र तथा ताडपत्रमा पाइएको छ। तिनीहरू श्रेष्ठसमाजमा मिलेका छन्। कारण संस्कृति

एउटै छ। नेपालवासी जनतालाई नेवारीमा नेपामी भन्दछन्। नेपाको अपभ्रंश नेवा भएको छ। नेवालाई नेपालीमा नेवार भन्ने गरेको छ। स्थानीय जनतालाई बुझाउन शब्दको अन्त्यमा मी लाग्ने परम्परा लिच्छवि-कालदेखि नै चलेको पाइएको छ। बाहिरका मानिससंग सम्बन्ध भए तापनि नेपाल उपत्यकाको संस्कृति आफ्नै-पनको छ। बाहिरबाट आएका जोसुकै मानिस किन नहुन् उक्त संस्कृति अपनाउने जाति नेवार भएका छन्। जस्तै शान्तिकराचार्य बाहिरबाट आएका ब्राह्मण हुन्। तिनले बौद्ध धर्म अपनाएका हुनाले तिनी बज्राचार्य भएथे।

लिच्छविहरू पनि मुजफरपुर जिल्लाबाट आएका हुन् भन्ने इतिहासबाट देखिन्छ। कर्णाटवंशी जगत-सिंहदेव तथा देवलदेवी तिरहुते सिमरौनगढबाट आएका हुन् भन्ने र स्थितिमल्ल बाहिरबाटै ल्याइएका हुन् भन्ने कुरा गोपालवंशावलीबाट स्पष्टै देखिएको छ। मल्ल-कालमा नेपाल उपत्यकामा आक्रमण गर्नेहरूमा पश्चिमी खसमल्ल तथा तिरहुते र मुसलमान समसुद्दीन पनि छन्। तर यहाँको संस्कृति अपनाई दीगो भई बस्ने को हुन् भन्ने कुरा विचार गर्नु आवश्यक छ। वंशावलीकारले वंशा-वली लेख्दा प्रसंग बिगार्नु संभव छ। तर पुस्तावारी अशुद्ध भन्नु गाह्रो छ। स्थितिमल्लभन्दा अघि यस उपत्यकामा शासन गर्ने रुद्रमल्ल तथा अरिमल्ल थिए भन्ने पनि स्पष्टै छ। तिनका वंशजहरू कहाँकहाँ फैलिएका थिए भन्ने कुरामा ध्यान दिनु पनि आवश्यक छ।

(प्रमाणभाग)

(१)

(कर्णाटवंशी) मोतीसिंहदेव
|
शक्तिसिंहदेव
|
नान्यदेव — श्यामसिंहदेव

नान्यदेव
|
गांगदेव
|
नृसिंहदेव
|
शक्तिदेव
|
रामसिंहदेव
|
हरिसिंहदेव (देवलदेवी)
|
जगतसिंहदेव
|
राजल्लदेवी

श्यामसिंहदेव
|
नरेन्द्रलक्ष्मी — नृपेन्द्रलक्ष्मी — मुनीन्द्रलक्ष्मी

"मल्लराजवंशी" जयभद्रमल्ल (नरेन्द्रलक्ष्मी)
|
नागमल्ल
|
जयजगतमल्ल
|
नागेन्द्रमल्ल
|
उग्रमल्ल
|
अशोकमल्ल
|
स्थितिमल्ल (राजल्लदेवी)

"जेठी नरेन्द्रलक्ष्मीलाई बितका पुर्खा नान्यदेवले नेपाल स्वाधीन गर्दा तिरहुत भगाएका नेपाली मल्ल राजा-का सन्तान जयभद्र नामक मल्ल क्षत्रियसंग विवाह गरि-दिएका थिए। आखिरसम्म पनि छोरा नहुँदा तिनै

जयभद्रमल्ललाई राज्याभिषेक दिई आफू वागमती आर्यातीर्थमा प्राण त्याग गरेर परलोक भए।"

(प्राचीन नेपाल १६ अङ्क १७ पृष्ठ)

(२)

"पश्चात् खशिया ववः ॥ राजा जयतारि प्रथम प्रविष्टः सम्वच्छर चारिसय आठ पोष मासे ॥ साह्मगुस्थाने खशिया अवुठसय पातयित्वा राष्ट्र सर्वबने सेवितं खशिया तेन पलायितं लोक स्वस्थेन स्वस्थानस्थितं ॥ तस्य सम्बच्छर प्रवर्तते फाल्गुनमास शुक्ल त्रयोदशी । पुनर्द्वितीय जयतारि प्रविष्टः । ग्रामादि अग्निदाहं करोति ॥ स्यंगुचैत प्रसयति । वुगमलोकेश्वर दशनं श्रीपशुपतिप्रसनं । स्वस्थेन स्वराष्ट्रगमनं भवति सम्वच्छर चारिसय नव ॥ पुन तिरहुतिया प्रविष्टः ॥ सम्वच्छर चारिसय एकारह माघमासे ॥"

(गोपालवंशावली)

[पश्चिमबाट खशिया आए । ने.सं ४०८ (वि.सं. १३४४) पौषमा जयतारि पहिलो पटक पसे । सिम्भूमा आठशय खशियालाई सिद्धचाइ सारा राष्ट्र वन पसे । त्यसकारण खशिया भागे । दुनियां आनन्दसंग आफ्नो आफ्नो ठाउँमा बसे । यही संवत् चलेको वेला फागुनशुक्ल त्रयोदशीमा फेरि दोस्रो पटक जयतारि पसे । गाउँहरूमा आगो लाइदिए । सिम्भूको चैत्यमा गए । वुङ्मती लोकेश्वरको दर्शन गरे । पशुपतिलाई खुशी पारे । ने.सं. ४०९ (वि.सं. १३४५) मा आनन्दसंग आफ्नो देश फर्के । फेरि ने.सं. ४११ (वि.सं. १३४६) माघमा तिरहुते आए ।]

(३)

"सं. ४४१ फागुणकृष्ण नवमी श्रीजयरुद्रमल्लदेवस प्रथम पुत्र श्री जयवीरमलदेवस जात ॥ सं. ४४२ पोष्‌वदि १४ अस्तदिन ॥

सं. ४४३ माघकृष्णद्वितीया श्रीजयरुद्रमल्लदेवस द्वितीय पुत्र श्रीत्रिभुवनमल्लदेव जात गण्डान्तवेरस ॥ सं. ४४४ अशुनिवदि १४ अस्तदिवस"

(गोपालवंशावली)

[ने०सं० ४४१ (वि०सं० १३७७) फाल्गुनकृष्ण नवमीमा श्रीजयरुद्रमल्लदेवका पहिलो छोरा श्रीजयवीरमल्लको जन्म भयो । ने०सं० ४४२ (वि०सं० १३७८) पौषकृष्ण १४ मा मृत्यु भयो ।

ने०सं० ४४३ (वि०सं० १३७९) माघकृष्ण द्वितीया गण्डान्तवेलामा श्रीजयरुद्रमल्लदेवका दोस्रा छोरा श्री त्रिभुवनमल्लदेवको जन्म भयो । ने०सं० ४४४ (वि०सं० १३८१) आश्विनकृष्ण १४ मा मृत्यु भयो ।]

(४)

सं. ४४६ माघशुदि ३ तिरहुति हरसिंह राजासन मिथ्लासनतो सतगहीटो ढीलीस तुरक याके वङ्ग रायत मोनारपं थमु अगुमन याङस्यं शिमरावनगढ भङ्ग याङ तिरहुतिया राजा महाथ आदिन समस्तव डङं व्यसन वंग्रटोंग्वलछिनों लिदुंविर वव ग्वलंछिनो राजगाम द्वलखाधारे वंग्र ॥ टिपाटस राजा हरसिंहतो शिक थ्वबा कायनो महाथनो उभयवंधि याङा कूलन ज्वोङाव हंग्व राजगामया मफी भारा धायान समस्त धन कासन ॥

(गोपालवंशावली)

[ने०सं० ४४६ (वि०सं० १३८२) माघशुक्ल ३ मा तिरहुते राजा हरिसिंहदेवले दिल्लीका तुग्लकलाई मिथिलामा रोक्न भारदार सेना जम्मा गरी अघि सर्दा 'तुगलकले' सिमरौनगढ ध्वस्त पारे । तिरहुतका राजा आफ्ना भारदार र परिवार सहित वनतिर पसे । परिवार सहित राजग्राम हुँदै दोलखामा जान लाग्दा टिपाटन भन्ने ठाउँमा हरिसिंहदेवको मृत्यु भयो । राजग्रामका मफीभारोहरूले उनका छोरा र भारदारलाई कैद गरी सबै सम्पत्ति जफत गरे ।]

(५ क)

तुरकैदुंरिकृत सपरिवार तिरहुत राजा मन्त्रिभिः सहारयं प्रविष्टः । पुत्रेण सहिता पत्नी देवलक्ष्मीदेवी च स्वकुटुम्बैः सह वलं याचितुं नेपाले प्रविष्टति ।।

[दोलखाको टिपोटपत्र
प्राचीन नेपाल १३ अङ्क ४६ पृष्ठ]

[तुगलकले लखेटिएका परिवार सहितका तिरहुते राजा हरिसिंहदेव मन्त्रीसहित जङ्गल पसे । छोरा तथा पत्नी देवलदमी र आफना कुटुम्बहरू साहित भई सहायता माग्न नेपाल पसे ।]

(५ ख)

सं० ४४६ प्रथमाषाढ पूर्णमी श्रीजयरुद्रमल्लदेव अस्त ।। भोग राज वर्ष ३० मा ८ ।। सम्बत्सरा षडयुगवेदा ४४६ आषाढी पूर्णमी रात्रिमागे दारा चतु अग्नि-प्रवेशकृतं ।। तस्य सूनु जायमाने कतिपय दिवसान्तरे मृत्यु ।। पुत्री सती नायकदेवी नाम पितामही श्रीपदुमलदेवीना प्रतिपालितं ।। श्रीदेवलदेवी द्वयोपि ।।

(गोपालवंशावली)

[ने०सं० ४४६ (वि०सं० १३८३) आषाढ पूर्णिमाको दिन श्रीजयरुद्रमल्लदेवको स्वर्गारोहण भयो । भोग ३० वर्ष ८ महीना । संवत् ४४६ आषाढ पूर्णिमाको राति ४ जना रानी सती गए । तिनका छोरा जन्मेर केही दिनमै मरेका थिए । पुत्री सती नायकदेवी चाहिँ बज्यै श्रीपदुमलदेवीले श्रीदेवलदेवी समेत दुवैको प्रतिपाल हेरविचार गरिन् ।]

(५ ग)

तदनंतरे श्रीजगतुङ्गमल्ल देवस्य आत्मजः श्री जयरुद्रमल्लदेवस्य प्रभुत्वेन स्वकुटुम्बज श्रीजयारिमल्ल देवस्य पुष्पाभिषेकं कृत्य राजा भुक्तिमात्रं ददौ समस्त नेपाल श्रीजयरुद्रमल्ल इव नवकोट भुङ्तीप्रजन्त राज कृतम् ।

(गोपालवंशावली)

[तिनताक श्रीजयतुङ्गमल्लदेवका छोरा श्रीजयरुद्रमल्लदेवको प्रभुत्वमा आफना नातेदार श्रीजयअरिमल्ललाई राज्याभिषेक गरी राजा सम्म बनाइदिए । तर सम्पूर्ण नेपाल नुवाकोटसम्म श्रीजयरुद्रमल्लले नै राज्य गरे ।]

(६)

सं० ४४८ फाल्गुणशुक्लसप्तमी खसिया राजा आदीतमलया कटकनं वरयं नवक्वाठ कास्यं ङाहु लिवलि शाखरक्वाठ कासन लिन्दुम्बिवव स्वन्देश मेचोसन यहुँ पुल वहीरिस थाकन याङपुङ्गादिन २२ मचाल्व ।। तत्रान्तरे आदीतमल नेपाल प्रविष्ट सम्बत् ४४८ चैत्रपूर्णमो ।।

(गोपालवंशावली)

[ने०सं० ४४८ (वि०सं० १३८४) फागुनशुक्लसप्तमीको दिन खशिया राजा आदितमल्लले आक्रमण गरो नुवाकोट लिए । ५ दिनपछि शाखरक्वाठ लिए । अनि सं. ४४८ चैत्र पूर्णिमाको दिन नेपाल प्रवेश गरी तीनै शहरमा आगो लाइदिए । पाटनको पुलविहार २२ दिनसम्म बन्द भयो ।]

(७)

सं० ४५० पोषवद्धि १३ युथुनिमंस ठाकुर मदो निमितिन कोवने गाहरपंहा कुमरटोनेह्म दुन्ता चनिगल ।। श्रीहरिश्चन्द्रदेवस गोपालदेवस विवाह कामादेविस ।। अत्रान्तरे काशेश्वरवंशज श्रीहरिचन्द्रदेव समानयेन विवाह करोति श्रीनायकदेवी ।।

सं० ४५० चैत्रकृष्ण एकादशी मझिम्वहारक्वाठ अभेराम मुलमीस्यं कूलन कायाभ्वन्तया लिस ।।

सं० ४५२ मार्गशिर शुदि १२ चंदनएश्वरनं राजगां काया दिन ।।

सं० ४५२ आश्विनशुद्धि २ श्री श्री पदुमलदेवीस अस्त ।। भोगवर्ष ६७ मा २ ।।

(गोपालवंशावली)

[ने०सं० ४५० (वि०सं० १३८६) पौषकृष्ण १३ दुवै राजकुलमा हकदार ठाकुर नहुनाले दक्षिणतिरबाट दुइजना राजकुमार झिकाई चनिगलमा राखे । अनि काशेश्वरवशो हरिश्चन्द्रदेवसंग नायकदेवीको र गोपालदेवसंग कामादेवीको विवाह गरिदिए ।

ने०सं० ४५० (वि०सं० १३८६) चैत्रकृष्ण एकादशीको दिन अभयराममुल्मीले मझिमवहारक्वाठ दखल गरे ।

नेoसंo ४५२ (विoसंo १३८८) मार्गशुक्ल १२ मा चण्डेश्वरले राजग्राम लिए।

नेoसंo ४५२ (विoसंo १३८९) आश्विनशुक्ल २ मा श्रीपदुमलदेवीको स्वर्गारोहण भयो । भोग ६७ वर्ष २ महीना ।]

(८)

संo ४५५ ज्येष्ठशुद्धि द्वि श्रीहरिचन्द्रदेवस वलन मृत्यु दिन ॥ कतिप वर्षान्तरेण शिष्टेन विषमच्चयतेन मृत्यु तदनन्तरे तस्य देवस्य भ्रात श्रीगोपालदेवमुपस्थितं ॥

कर्णाटवंशज श्रीजगतसिंहदेव समाहित संगृह्यकृत्य कृत नायकदेवी ॥

तत दृष्टान्तरेण स गोपालदेव श्रीभक्तापुरी त्यक्त्वा ललितापुरी गम्यता, तदनन्तरे लोकानां भयार्दितं स्वराजगमिष्यसि तेन भयार्दितेन लोके मन्त्रपातनं कृता ॥

(गोपालवंशावली)

[केही वर्षवाद नेoसंo ४५५ (विoसंo १३९२) जेष्ठशुक्ल २ मा विषप्रयोगद्वारा श्रीहरिश्चन्द्रदेवको अकालमृत्यु भयो । त्यसपछि तिनका भाइ गोपालदेव उपस्थित भए। कर्णाटवंशी श्रीजगतसिंहदेवलाई नायकदेवी पारिसकेको देखेर गोपालदेव भक्तपुर छाडी ललितपुरमा भागे । लोकको भयले आफ्नो राज्यमा जान नसकेकोले लोकमा षड्यन्त्र भयो।]

(९ क)

संo ४५७ ज्येष्ठकृष्ण अमावस्याको कोह्नु तिरहुतिया जगतसिंहकुमरस मनिगलस दुन्ताटों संती गोपालचन्द कुमरटों पिलुया थ्व च्यस्तयाक्व अभराम मुलमीस थयितभास उभे ॥

विहारकोटस्थित जोगराममुलमी जोगविहारपात्र एकोभूतेन शंखादो कोट प्रविसति ततो प्रवेशान्त द्वितीयरात्रे जोगरामेन श्रीगोपालदेव त्यक्ता पलायं गता ॥

संतीवुगलितं थातयाङ तवतत्रमी समस्त वंग लसान मनिगलस दुन्तं गोपालचन्दकुमरस वय विसनय पिसलवटो ॥

(गोपालवंशावली)

नेoसंo ४५७ (विoसंo १३९४) ज्येष्ठकृष्ण अमावास्याको दिन तिरहुते जगतसिंह कुमर मनिगलमा पसी भोलिपल्ट अभयराममुलमी र थयितभाद्वारा गोपालचन्द्रकुमरलाई बाहिर घिसारी वेसरी चुटे।

विहारकोटमा रहेका जोगराममुलमी र जोगविहारका पात्र मिलेर शंखकोटमा राखेका थिए । तिनीहरू पसेपछि दोस्रो रातमा जोगराम गोपालदेवलाई छोडी भागे।

भोलिपल्ट मनिगलमा लछारपछार गरी ठूला ठूला मानिसले सास्तीगर्दा उ स्वयं बाहिर आई भागे।]

(९ ख)

संo ४६० पोष्यवदि ८ भोंत कस्तभाटों पीलिहा तिपुरन दुन्तन्ता गुन्हुलिव टोंखा राजा ल्हायाटो खुन्हुलिव जोग्राममुलमोस श्रीगोपालचन्ददेवस वंङ टोंखा कूलन काया सन्तो तिपुर हाथारवंङ लिकाया दुन्दङचोङ स्मस्त लाङा अकह्लप ह्यं २८ श्रीगोपालदेव म्वएडसङा जोग्राममुलमी टो ज्वङ्हा ॥

पश्चात् कोटा गृहश्यृत्य मेकाकी स्थित ॥ श्रीजगतसिंह कुह्मरस्य परिजनेन शिरच्छेत्वा श्रीगोपालदेव मृत्युः ॥ (गोपालवंशावली)

नेoसंo ४६० (विoसंo १३९६) पौषकृष्ण ८ मा मोन्तहरू तिपुरमा पसी ९ दिनपछि राजालाई कुरा लाइदिए । ६ दिनपछि जोगराममुलमीद्वारा गोपालचन्द्रदेवको सव कुरा बुझी भोलिपल्ट तिपुरले भित्र-बसेका सबैलाई भेट्टाई आक्रमण गर्दा २० जना हताहत भए । गोपालदेवलाई कराल गरे जोगराम मुलमीलाई पक्रे ।]

यसरी कोटमा एकलै परेका गोपालदेवलाई निकाली

जगतसिंहका परिजनले शिर कत्तल गरी मारिदिए।

(१० क)

सं ४६४ आश्विन शुदि.....भूकम्प वव ॥ थ्व सन्ती ग्वलस श्रीजयारिमलदेव अस्त । सं० ४३७ फाल्गुण-कृष्ण दशमी धनेष्ठ वृहस्पतिवार श्रीजयानन्ददेव राजासपुत्र श्रीजयराजदेव संग्रहनीभार्यास पलांखचोंस जात। तदनन्तरे कतिपय दिवसे श्रीजगतसिंह कुमरेण राज भुंजितं ॥ पश्चात् कुह्यरवंधनं भवेत् ॥

(गोपालवंशावली)

अत्रान्तरे कर्णाटवंशिज श्रीजगतसिंहदेव समाहित संगृह्यपुत्री श्रीराजल्लदेवी नाम । दशदिनान्ते माता स्वर्ग-गम ···· पितामह्या अतिकष्टेन प्रतिपालिता श्रीदेवलदेवी नाम कृ····प्रतिपालिता जीविता च ॥

[कैशरवंशावली, प्राचीननेपाल १३ अङ्क ४६ पृष्ठ]

[ने०सं० ४६४ (वि०सं० १४०१) आश्विनशुक्ल··· भूकम्प गयो । त्यसको भोलिपल्ट देउपाटनमा श्रीजय अरिमल्लको देहावसान भयो । नें०सं० ४३७ (वि०सं० १३७४) फागुनकृष्ण दशमी धनिष्ठानक्षत्र वृहस्पतिवारमा पलांचोकमा श्रीजयानन्ददेवका मठयाहा पत्नीबाट श्री-जयराजदेव छोरा जन्मे।

त्यसको केही दिनपछि जगतसिंहकुमरले राज्य-भोग गरे । पछि कुमर पनि कैद भए ।

यसै बखत कर्णाटवंशी श्रीजगतसिंहदेवकी मठयाहा छोरी राजल्लदेवीको जन्म भयो । १० दिन-पछि आमाको मृत्यु भयो । बज्यै देवलदेवीले अति कष्टपूर्वक पाली हुर्काइन ।]

(१० ख)

सं० ४६७ पोष्यकृष्ण दशमी अनुराध श्री नायक-देवीसपुत्री राजलदेवीस जात दिन १० ल्हिनलिव माम नायकदेवीस अस्त ॥

उभयकुलसानुमतेन सं० ४६७ श्रावनवदि ४ श्रीजयानन्ददेवस्य राजा कृत्य सर्वसम्मतेन ॥

सं० ४६७ वैशाखशुदि ७॥ श्रीजयराजदेवस्य पत्नी श्रीरुद्रमदेवीस तस्य पुत्र श्री जयार्जुनदेव: जात: ॥

(गोपालवंशावली)

[ने.सं. ४६७ (वि.सं. १४०३) पौषकृष्ण दशमी अनुराधानक्षत्रमा नायकदेवीबाट पुत्री राजल्लदेवी जन्मी १० दिनमा आमा नायकदेवीको मृत्यु भयो ।

ने.सं. ४६७ (वि.सं. १४०४) श्रावणवदि ४ मा दुवै राजकुलको सम्मतिले सबैले राजदेवलाई राजा बनाए।

ने.सं. ४६७ (वि.सं. १४०४) वैशाखशुक्ल ७ मा श्रीजयराजदेवकी पत्नी श्रीरुद्रमदेवीबाट तिनका छोरा श्रीजयार्जुनदेवको जन्म भएको थियो ।]

(१० ग)

सं. ४७० मार्गशिरशुदि ६ समसदिन सुरतान लिवस्य समस्त डाहरपा दिन ७ माखव ॥

[गोपालवंशावली]

सं. ४७४ अश्विनिशुद्धि ६ श्रीजयस्थितिराजमल्ल देवस कोवन विज्याङा स्वपों दुम्विज्या त्यंखोचोन डालालिव विवाह जुव ॥ [गोपालवंशावली]

सं. ४८१ वैशाखकृष्ण १२ रेवतीनक्षत्रे आदित्य-वासरेराजाधिराज श्रीश्रीजयार्जुनदेवस्य विजयराज्ये पुण्य-मतीनगराधिवासिन तेजोनन्दनाथस्यार्थे लिखितेदं पुस्त-कम् । (राष्ट्रिय पुस्तकालय नं ३५४ सुग्रीवशास्त्र)

[ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल ९ मा सुल्तान समसुद्दीनले आक्रमण गरी ७ दिनसम्म सम्पूर्ण आगो लाइदियो ।

नें.सं. ४७४ (वि.सं. १४११) आश्विनशुक्ल ९ मा

श्री जयस्थितिराजमल्लदेवलाई दक्षिणतिरबाट झिकाई भक्तपुर भित्र्याएर त्यंखोमा राखे । ५ महीनापछि विवाह भयो ।

ने.सं. ४८१ (वि.सं. १४१८) वैशाखकृष्ण १२ रेवतीनक्षत्र आदित्यवारमा राजाधिराज श्रीश्रीजयार्जुनदेवको विजयराज्यमा पुण्यमतीनगरमा बस्ने तेजोनन्दनाथको लागि यो पुस्तक लेखियो ।]

(११)

ॐनमः शिवाय ।। सम्वत् ···· माघशुक्ल त्रयोदशी प्र चतुर्दश्यां तिथौ श्रवणनक्षत्र व्यतिपातयोगे वृहस्पतिवासरे श्रीश्रीराजल्लदेव्या विजये ।

अनन्तलिङ्गेश्वरमा रहेको अभिलेख

[मोहनप्रसाद खनालको मध्यकालीन अभिलेख १४ पृ.]

सं. ४८६ वैशाषशुदि ७ श्रीदेवलदेवी महादेवीस अस्त ।। भोगवर्ष ६६ मास ८ ।।

[गोपालवंशावली]

[ॐ शिवलाई नमस्कार । सम्बत् ·····माघशुक्ल त्रयोदशी उप्रान्त चतुर्दशी श्रवणनक्षत्र व्यतीपात योग वृहस्पतिवारमा श्रीश्रीराजल्लदेवीको विजय राज्यमा ।

ने.सं ४८६ [वि.सं. १४२३] वैशाखशुक्ल ७ मा श्रीदेवलदेवीमहारानीको देहावसान भयो । भोग ६६ वर्ष ८ महीना ।]

[१२]

सं. ४९० माघशुदि ५ संको गह्न चाल्व समस्त लुह्नियाङ मेचोया उभयराजास विज्याङा ।।···

सं. ४९२ वैशाषवद्धि अमावास्या कोन्हु चा चह्लखुनि थामछे वेयेटाङासयाव ज्वङाव अठकस वण्टास रिवह्नकं ढिङताटो जयसिंहराम महाथटोंथ्य सम्वच्छलवु दीतलाथो व नवमीकोन्हु यहुं प्रजा आदिन हाथार थ्यमिस जारवा थे श्रीश्रीजयस्थितिराजमल्लदेवसन थमु अगुमन याङ पिंपाल फुङा ओ शिक्व प्रधान नामधारी पात्रादिन ह्म ५३

(गोपालवंशावली)

[ने०सं० ४९० (वि०सं० १४२६) माघशुक्ल ५ मा दुवै राजा जयार्जुनदेव र जयस्थितिमल्ल जानुभई सांखुकिल्लामा आगो लगाई ··सो किल्ला कब्जा गर्नु भयो ।

ने०सं० ४९२ (वि०सं० १४२९) वैशाखकृष्ण अमावास्याको दिन राति चह्लखुनि (लुंभु शहरबाट आधा-कोश पर चरखण्डी) थामछेबाट ····समातेर त्यांई अटकसवण्टा भन्ने ठाउँमा महामन्त्री श्रीजयसिंहरामलाई नेल ठोके यसै सालको आषाढशुक्ल नवमीका दिन पाटनका प्रजा आदि ठिमीमा लड्न आए । यस वेला श्रीश्रीजयस्थितिमल्लदेव स्वयं अघिसरी लड्न गए । लड्न आउनेहरूमा प्रधानपात्र आदि ५३ जना मरे ।]

(१३)

सं० ५०१ मार्गशिरकृष्ण द्वादशी स्वाति सोभन शुक्रवारकोन्हु श्रीजयस्थितिराजमलदेव ठाकुरस जयत महाथ मास प्रमुखन लिछि समस्तन श्रीश्रीजयार्जुनदेवराजास थव राज विनाप्याक्त्राठ महाजात्रा याङ दुम्बिज्याचका दिन थ्वन नियनेह्न लिव चा वस्यं वया गोकर्णक्वाठस विज्याङा जुरोम् । थ्वनन्नङम् ···· महासन्तापन व्छप्त्रम् वयाजुरोम् ।

(गोपालवंशावली)

श्रीराजाधिराज श्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये लिखितं पुस्तकं । तस्मिन् समये अपरराज्यस्थराजा श्रीश्रीजयार्जुन नाम राजा त्रिपुरराज सचिवेन प्रवाहितेन महासंकटेन प्रविशति ।

(वी. पु नं. ११७९ दशकर्म)

सं. ५०२ माघवदि ५ थ्वन्त श्रीश्रीजयार्जुनदेव रायस अस्तदिवस ठाय त्रिपुरस क्वाछेस ··

(गोपालवंशावली)

[ने.सं. ५०१ (वि.सं. १४३७) मार्गकृष्ण द्वादशी स्वातीनक्षत्र शोभनयोग शुक्रवारका दिन श्रीजयस्थिति राजमल्लदेव ठाकुरको तथा महामंत्री जयत आदि ठूल-ठूला भारदारको सम्मतिले राजा श्रीश्रीजयार्जुनदेवलाई आफ्नो राज्य बनेपा क्वाठमा जात्रा गरी धपाइदियो। यसको २२ दिनपछि राति भागेर आई गोकर्णक्वाठमा आउनु भयो। यसपछि ···· ठूलो दुःखले भक्तपुरमा पस्नु भयो।

श्रीराजाधिराज श्रीश्रीजयस्थितिराजमल्लदेवको विजयराज्यमा यो पुस्तक लेखियो। त्यसबेला अर्को राज्यका राजा श्रीश्रीजयार्जुनदेव त्रिपुरका राजमंत्रीले संगै ठूलो संकष्टमा पर्नु भयो।

ने०सं० ५०२ (वि०सं० १४३८) माघकृष्ण ५ मा तिपुरक्वाछेंमा बनेपाली श्रीजयार्जुनदेव रायको मृत्यु भयो।]

(१४)

ॐ नमः॥ श्री हर्लसिंहदेवन श्रीतलेजु जोङाव बिज्याक वेलस लांस संकष्ट जुयाव सूपकार किसानिया लाहातन जा थुयका भोप्युधक श्रीतलेजुनआज्ञा दत। थ्वनली सम्वत् ५८७ श्री ३ यक्षमल्लया पर्जास जुतोले ब्राह्मण सुवालया त्यंतव जुलो॥ श्रीगंगादेविया काय श्रीत्रिभुवनमल्ल त्रैलोक्यमल्लया पर्जास श्रीधरनिधर गौडभट्ट प्रभृति मैथिल समस्त पण्डित समुच्चयन थ्व खं गथे जुरा धकं सुवालया लाहातन हर्लसिहदेवन भोपम्रोखें धकं केङे तया दव थ्वया वचन गुगु तंत्रस दुला सोम्रोधकं धाल पुन तन्त्रस श्लोक सोयाओ लुयकाम्रो थ्व वचन दव छु संदेह मदु सत्यनं त्रिदशडामल तंत्रस लुला श्रीजगन्नाथ ओ श्रीतलेजुम्रो उति छुं भिन्न मदु।

(ऐतिहासिक टिपोट, संस्कृतसन्देश ५ अङ्क ४१ पृ.)

[ॐ नमस्कार। श्री हरिसिंहदेवले तलेजु लिएर आउनु भएको बेलामा बाटोमा संकष्ट परी भान्छे महर्जन किसानको हातबाट भात पकाउन लगाई खाऊ भनी श्रीतलेजूबाट आज्ञा भयो। त्यसपछि ने.सं. ५८७ (वि.सं. १५२४) मा श्री ३ यक्षमल्लको पालामा भाछे ब्राह्मण सुवाल गराइ राखियो। श्रीगंगादेवीको छोरा श्रीत्रिभुवनमल्ल र त्रैलोक्यमल्लको पालामा श्रीधरणिधर गौड भट्टप्रभृति मैथिल पण्डितहरू समेतले यो कुरा कसरी भयो भनी सुवालको हातबाट हरिसिंहदेवले भात खाएको सुनिएको बारे छलफल हुँदा तन्त्रमा छ कि हेर भने। फेरितन्त्रमा हेर्दा फेला पारी यो वचन रहेछ केही सन्देह छैन साँचैनै त्रिदशडामरतन्त्रमा भेट्टियो श्रीजगन्नाथ र तलेजुमा केही फरक छैन भनी निर्णय गरे।]

(१५)

सम्वत् ७८६ वैशाखकृष्ण प्रतिपदा अनुरादा नक्षेत्र शिवयोगे वृहस्पतिवासरे थ्वकुन्हु श्री ३ शिवहरीश्वर लिङ्ग प्रतिष्ठामण्डप दयकं याङादिन जुरो। थ्व-दयकोह्म सिम्राहलन श्रीश्रीजयहरिसिंहदेवराजाव नापं वकेह्मया वंशस शकताज॥ थ्वया पुत्र मयाभारो थ्वया काय वसू थ्वया काय उल्हास थ्वया काय विष्णुराम थ्वया काय विश्वनाथ थ्वया काय शिवहरि थ्वह्मन दयका थ्वया काय शिवशङ्कर थ्वया काय रूपनारायण पुरुष पेह्म विद्यमान जुरो श्रीमाणिग्लाधिपति श्रीश्रीजयश्रीनिवासमल्लदेव प्रभुठाकुरस विजयराज्ये लेलेदेशया मनसिल थानस थ्व मण्डपदेव प्रतिस्था याङन सिधयका जुरो॥

[मोहनप्रसाद खनालको मध्यकालीन अभिलेख ४९-५० पृ.]

[ने०सं० ७८६ (वि.सं.१७२६) वैशाखकृष्णप्रतिपदा अनुराधनक्षत्र शिवयोग वृहस्पतिवारको दिन श्री ३ शिवहरीश्वरलिङ्ग प्रतिष्ठा गरी मण्डप बनाइयो। यो बनाउने सिम्रौनगढका श्रीश्रीजयहरिसिंहदेव राजाको साथ लागी आएकाको वंशमा शकराज भए। इनका छोरा विष्णुराम, इनका छोरा विश्वनाथ, इनका छोरा शिवहरि यति भएपछि इनका छोरा शिवशङ्कर, इनका छोरा रूपनारायण पुरुष ४ जना विद्यमान भए। श्रीमाणिग्लाधिपति श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभुठाकुरको विजयराज्यमा लेलेदेशको मनसिलस्थानमा यो मण्डप देवप्रतिष्ठा गरी सिद्ध्याइयो।]

(१६)

अघिकिराति राजाहरूका पालामा पटना शहरका राजा तीर्थ जात्रा गर्न आयाका अशोक राजासंग आयाका देवपाल नामक राजवंशी क्षत्रीले आफू बसनाकन सानुसानु देवपत्तन गाउँ बसाइ गया ।

(बी.पु.च.नं. १०१० को वंशावली २९ पृ.)

थ्वति भाषा युवराज श्रीश्रीजोगनरसिंहसाक्षी तया व भगीरथ भयीयाव साहुतिन तया जुरो बुराज्यास चितायाक श्री श्री राजवंश नरसिंह भा शुभ ।।

[ल.पु. मछिन्द्रनाथमन्दिरको सं. ७९३ को श्रीनिवासमल्लको शिलालेख]

"यति व्यहोरा युवराज श्री श्री जोगनरसिंहलाई साक्षी राखी भगीरथ भैयाको अनुमति बमोजिम राखियो । यस कामको हेरचाहे गर्ने श्रीश्रीराजवंशी नरसिंह भारो शुभ ।।"

पुरन्दर राजवंशीले ने०सं० ६८५ सन् १५६६ मा पाटनको नारायणमन्दिर बनाएर यी पुरन्दर यक्षमल्लका जुवाइं जयसिंहका सन्तान हुन् ।

[रामजी उपाध्यायको नेपालको इतिहास १४१ पृ.]

(१७)

मांडव्यगोत्र माद्य दिनी शाखा त्रिप्रवर हनूमद्ध्वज श्रीनागमल्लराजाया कुलस उत्पन्न जुवह्म श्री नेपाल सम्वत् ७७८ सालस श्री ३ नरेशमल्ल राजाव श्री ३ जगत्प्रकाशमल्ल राजाया मूलमंत्रि जुयाव श्री ३ जगन्नाथया प्रसाद लाकह्म श्रीसहस्रराम वाबु अस्य स्त्री शुभथकु सत्यवती २ ···श्रीसम्वत् १९३२ शुभकृन्नामाद्वे उत्तरायणेग्रीष्मर्तौ ज्येष्ठशुक्लत्रयोदश्यां विशाखा परतो नुराधानक्षत्रे सिद्धियोगे तैतिलकरणे श्वेतमुहूर्त्तके बुधवासरे तस्मिसहापर्वदिने षोप्वदेश याछेंटोल पापननीया राजवंशी सचिव श्रीसश्रामया संतान कान्तिपुर तंलाछिटोल षावहालस चोनह्म श्रीमहन्तरामन देवमन्दिर प्रतिष्ठा यांङा जुरो ।

[विष्णुमती इन्द्रायणीस्थानको अभिलेख]

[माण्डव्य गोत्र माद्य दिनी शाखाको तीन प्रवर भएका हनूमद्ध्वजपदले युक्त भएका श्रीनागमल्लराजाको कुलमा जन्मेका ने०सं० ७७८ (वि.सं. १७१५) मा श्री ३ नरेशमल्ल राजा र श्री ३ जगत्प्रकाशमल्लराजाका मूलमन्त्री भएका श्री ३ जगन्नाथको प्रसाद निगाह पाएका श्रीसहस्रराम बाबु थिए । तिनकी स्त्री शुभथकु र सत्यवती दुइजना थिए··· वि.सं. १९३२ शुभकृत् संवत्सरमा उत्तरायणमा ग्रीष्मऋतुमा ज्येष्ठशुक्ल त्रयोदशी तिथि विशाखा उप्रान्त अनुराधा नक्षत्र सिद्धियोग तैतिल करण श्वेतमुहूर्त परेको वेलामा बुधवारमा यस महापर्वको दिनमा भादगाउँको याछेटोलमा पापननी भन्ने ठाउँको राजवंशी मन्त्री श्रीसहस्ररामका सन्तान कान्तिपुरको तंलाछी टोल खावहालबस्ने श्रीमहन्तरामले देवमन्दिर प्रतिष्ठा गरे ।]

(१८)

[सं······मासे कृष्णपक्ष ।। द्वितीयान्तिथौ ।। श्रीमत्कान्तिपुरमहानगरे ।। श्रीयम्वू सुवर्णपनारिमहास्थाने ।। न्हस्कनतारतोरके राछेयंताछे राजवंशी धनसिंह वावुया नाम्नेन शुक्रीयं शुभुज्यमानिकं ।। श्रीयम्बू व्रमायां श्री गांगुलंग नाम्नासकासात ।। असनवाहार यंतादुथुगृहनामसंगेके ।। मूकरमार्गस्य पश्चिमतः ग्राहकया गृहेन उर्त्तरतः जयसिदेवया गृहेन उत्तरतः जयधनया गृहेन वाग्वर अ डन पूर्व्वतः जयधनया गृहेन धारनया गृहेन द······ खा छि १ चु १ कु १४ पातार चु ३ कु २ अतपा खा यंय धारनं र धने मार ।। तत गृहस्य जथा देशकार पत्र्तमान संचारीचेन शुवर्णमूरमादाय श्वादिनानवतुकं न्यायन क्रीतिक्रीयत भवति तत्र धारनकस्य निमीतेन जदि संकत थ्यावाद पी परिश्रुवनियं···· ।। प्रतिप्लभगर्णपुरेसंहङा ।।····शाक्षि पीता राजवंशी वंशिधवावु थापीत जयकृष्ण । (तमसुकताडपत्र)

['सं.······महीना कृष्णपक्ष द्वितीयामा श्रीकान्तिपुर श्रीयम्बु सुवर्णप्रणाली महास्थानमा न्हेकन्तलाटोल राछेयताछेका राजवशी धनसिंह वावुको नामले आफ्नो भोगको श्रीयवु गांगुलंगका····नामबाट असनवहाल यता दथुनामको घर मूलमार्गदेखि पश्चिम ग्राहकको घरदेखि उत्तर जयसिंदेवको घरदेखि उत्तर जयधनको घरको आधा बारोदेखि पूर्व जयधनको घर र धारनको घरदेखि

दक्षिणको खा १ चु १ कु १४ पाताल चु ३ कु २ पक्की ईटले बनेको त्यस घरको देशकाल अनुसार चलेको मूल्य लिई आफ्नो खुशीराजीले शुक्रीविक्री भयो । त्यसमा कुनै कारणवश संकट विवाद परेमा धारनकले व्यहोर्नु पछ भनी यो पत्र व्यहारा गरियो। साथी पिता राजवंशी वंशीधर बाबु थापित जयकृष्ण"

(१९)

८१ क्षत्रिय राजवंशी ठाकुर···इति श्री नेपाल जातिका मालिका भूपति जयस्थितिमल्लेन प्रभुणा धर्मशास्त्रादनुद्धृता शिलाक्षरेण मया शुभम्···

[श्रीहरिराम जोशीको सम्पादनमा प्रकाशित रोलम्ब नाम पत्रिका]

"(८१) क्षत्रिय राजवंशी ठाकुर···यति श्रीनेपालका जातिमाला राजाजयस्थितिमल्ल प्रभुले धर्मशास्त्रबाट उतार्नु भयो । शिलाक्षरले मैले लेखियो शुभम्···॥

शिक्षाग्रणी स्व. श्री प्रेमवहादुर राजवंशी वि०सं० १९५९-२०२४

[धुलिखेल हाइस्कूलमा रहेको सालिकको अभिलेख]

(२०)

राजवंशी भन्नाले तराइको राजवंशी जातिमा ध्यान जानु स्वाभाविक छ । कारण ती जातिको आवाद पूर्व तराइमा छ । त्यसैले त्यसवारेमा स्पष्टीकरण गर्नुपर्ने हुनाले इतिहासको आधारबाट स्पष्टीकरण गरिन्छ । कोच राज्यको वंशावलीबाट ज्ञात भए अनुसार ग्वालपाडा जिल्ला खुटाघाटको चिकन नामक गाउंमा हरियामण्डल नामका मेचे थिए । तिनका वंशजलाई धिमाल जाति मानेका छन् । हरियामण्डल नामक मेचेले कोचराज्यका सामन्तको छोरीसग वैवाहिक सम्बन्ध बाँधेका हुनाले तिनका वंशजले पनि हिन्दू धर्ममा दीक्षित भई आफूलाई राजवंशी भनी प्रख्यात गर्दा तिनीहरू मेचे राजवंशी बनेका थिए । ती मेचे राजवशीको एक शाखा मोरङमा पसेका थिए । तिनीहरूलाई मोरङ्गिया भन्दछन् । पछि ती राजवशीहरूले इस्लाम धर्म अपनाएका हुनाले तिनीहरूको जाति नै खोचेमेचे राजवंशी भएको थियो । जङ्गवहादुर तराइमा पसेको वेलामा एक जना खोचेमेचे राजवंशीकी नवयुवती छोरीलाई तिनले रखौटी पत्नी बनाएका थिए । आफू सत्तामा आएपछि जङ्गबहादुरले ती खोचेमेचे राजवंशीको पानी चलाइदिए भन्ने कुरा इतिहासमा उल्लेख छ।

[वि०सं० २०२१ चैत्र १४ गतेको गो०प०मा प्रकाशित स्वयम्भूलाल श्रेष्ठको लेख तथा रामजी उपाध्यायको नेपालको इतिहास २४२ पृष्ठबाट]